Contact:
Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu
Phone 4252595 Ext.2423
rbbnl@rbb.com.np

**Rastriya Banijya Bank Ltd.
Singhadurbar Plaza
Kathmandu**

# Press Release

२०७३/०८/०८ ,काठमाडौं

माननीय उप-प्रधान तथा अर्थ मन्त्री कृष्णबहादुर महराले राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको कर्पोरेट ब्रान्च बैंकको केन्द्रिय कार्यालय सिंहदरबारप्लाजामा आज एक समारोहका बीच उद्घाटन गर्नुभयो । कर्पोरेट ब्रान्च समेत गरि देशभरमा अब बैंकका १७१ वटा शाखा संचालनमा छन् । त्यसैगरि ७५ वटा ब्रान्चलेस बैकिङ्ग, ८६ वटा ब्द ∶ र १६ वटा एक्टेन्सन काउन्टरबाट बैंकले जनतालाई आफ्नो सेवा प्रदान गरिरहेको छ। त्यसैगरि सरकारी कार्यालयहरुमा काउन्टर स्थापना गर्दै राजश्व बुझ्ने कार्य पनि बैंकले गरिरहेको छ।

सोही अवसरमा उप-प्रधानमन्त्री महराले बैंकले आफ्नो स्वर्ण महोत्सब (बि.स.२०२२-२०७२) को अवसरमा निर्माण गरिएको स्वर्ण जयन्ती स्मारक (ऐश्वर्य) को अनावरण गर्नुभयो । उक्त स्तम्भको परिकल्पना बरिष्ट कलाकार प्रमिला गिरीले तयार गर्नु भएको हो ।

बि.स.२०२२ साल माघ १० गते स्थापना भएको यो बैंक सरकारको पूर्ण स्वामित्वमा संचालित छ। बैंकले २०७३ असोज मसान्त सम्म १ खर्ब ४६ अर्व ६० करोड निक्षेप संकलन गरेको छ भने सोही अवधिमा ८५ अर्व ९९ करोड कर्जा लगानी गरेको छ। आ.व.२०७३/०७४ को पहिलो त्रैयमासमा बैंकले ५० करोड खुद मुनाफा आर्जन गरेको छ । बैंकको चुक्ता पूंजी ८ अर्व ५८ करोड रहेको छ ।

समारोहमा उप-प्रधान तथा अर्थ मन्त्री कृष्णबहादुर महराले २१ औं शताब्दिमा बैकिङ्ग सेवालाई जनताको घरदैलोमा पुर्‍याउने सरकारको कार्यक्रमलाई प्राथमिकतामा राखेर राष्ट्रिय वाणिज्य बैंकले प्रतिस्पर्धात्मक बजारमा ग्राहकको मन जित्न थप प्रयत्न गर्नुपर्ने बताउनुभयो ।

उहांले समग्र बैकिङ्ग क्षेत्रमा नमुना बैंक बन्न तथा ग्रामिण क्षेत्रमा कर्जा विस्तार गर्न,मानव संशाधन विकासमा ध्यान केन्द्रित गर्न र ट्रेड यूनियनसंग सुमधुर सम्बन्ध राख्दै अगाडि बढ्न बैंक व्यवस्थापनलाई निर्देशन दिनुभयो । कार्यक्रममा नेपाल राष्ट्र बैंकका गर्भनर डा.चिरन्जिबी नेपालले बढ्दै गएको प्रतिस्पर्धी वित्तीय प्रणालीमा यस बैंकले आधुनिक वित्तीय उपकरण र सूचना प्रविधिको उपयोग तथा संस्थागत कार्यदक्षतामा समायनुकुल सुधार गर्दै लगानीका क्षेत्र पहिलाएर कर्जा लगानीमा बैंकले थप जोड दिनुपर्ने बताउनुभयो ।

समारोहमा बैंक संचालक समितका अध्यक्ष डा.रबिन्द्र प्रसाद पाण्डेले सरकारी बैंक भएको नाताले सरकारी नीतिलाई सफल बनाउन बैंक लागि पर्ने बताउनुभयो । उहांले राष्ट्रिय वाणिज्य बैंक अन्य वाणिज्य बैंकको तुलनामा अग्रणी, विश्वासनीय र भरपर्दो रहेको चर्चा गर्दै संस्थागत कार्यदक्षतामा अभिबृद्धिमा विशेष जोड दिएको बताउनुभयो । अध्यक्ष डा.पाण्डेले बाणिज्य बैंकले फाइनान्सियल डिपिनिङ्ग र वित्तीय समावेशिताका लागि कार्य गरिरहेको र यो कार्यमा सरकारको सहयोगको अपेक्षा बैंकले गरेको बताउनुभयो । अध्यक्ष डा.पाण्डेले बैंक भित्र सक्षम, सबल र दक्ष कर्मचारी भएको बताउनुभयो ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरण कुमार श्रेष्ठले बैंकको समग्र वित्तीय अवस्था, भावि कार्यदिशा र बैंकले सामना गर्नुपरेका चुनौती तथा अवसरका बारेको चर्चा गर्दै देशको ६८ वटा जिल्लामा बैंकको सेवा विस्तार गरि शाखा संख्या १९५ वटा पुर्‍याउने बताउनुभयो । उहांले चालु आ.व.भित्रै २५ लाख ग्राहक संख्या पुर्‍याउने, २०५९।६० मा ६० प्रतिशत भन्दा बढि रहेको निष्क्रिय कर्जालाई २०७२।०७३ मा आइपुग्दा ३.५० प्रतिशतमा झारिएको, खुदमुनाफा ३ अर्व रुपैंया पुर्‍याउने जानकारी दिनुभयो । त्यसैगरी ५६ हजार भुकम्प पिडितलाई राहत वितरण गरिसकिएको बताउनुभयो । उहाले बैंकले वार्षिक २० अर्वको हाराहारीमा पेन्सनतथा सामाजिक सुरक्षा भत्ता वितरण गरिरहेको पनि बताउनुभयो । पूर्ण स्वामित्वमा संचालित यस बैंकको सरकारी कारोबार गर्ने ६७ वटा शाखाहरु रहेको उहांले उल्लेख गर्नुभयो । छिमेकी मित्रराष्ट्र भारतको नयांदिल्लीमा शाखा खोल्ने निर्णय गरेको, चिनमा शाखा खोल्ने योजना भएको, सहायक कम्पनीहरु लघुवित्त संस्था र आर.वि.वि. मर्चेन्ट बैकिङ्ग लिमिटेड संचालन गर्ने दिशामा कार्य अगाडि बढीसकेको बताउनुभयो ।

सो कार्यक्रममा अर्थ मन्त्रालयका प्रमुख आर्थिक सल्लाहकार प्रा.डा.पूण्य प्रसाद रेग्मी, बैंकका संचालकहरु, का.मु. नायव प्रमुख कार्यकारी अधिकृतद्धय विष्णु प्रसाद बैद्य, भुपेन्द्र पाण्डे, नायव महाप्रवन्धकहरु सुशिल श्रेष्ठ,कविराज अधिकारी,केशव लम्साल, टेकराज जोशी, विभागीय प्रमुखहरु, बैंकमा क्रियाशिल चारै वटा ट्रेड यूनियनका अध्यक्ष लगायत बैंकका बरिष्ट अधिकृतहरुको उपस्थिति रहेको थियो ।





